# नेपाल विद्युत प्राधिकरण

## ३६औं वार्षिकोत्सव समारोह प्रबन्ध मूल समिति २०७८

## अतिरिक्त कृयाकलाप उपसमिति

आ.व. २०७८/०७९ च.न. ०२ — मिति २०७८।०४।१०

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय,
श्री उत्पादन निर्देशनालय,
श्री प्रसारण निर्देशनालय,
श्री ईञ्जिनियरिङ सेवा निर्देशनालय,
श्री योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालय,
श्री आयोजना व्यवस्थापन निर्देशनालय,
श्री सहायक कम्पनी अनुगमन निर्देशनालय,
श्री प्रशासन निर्देशनालय,
श्री अर्थ निर्देशनालय,
श्री कार्यकारी निर्देशकज्यूको सचिवालय,
श्री आन्तरिक लेखापरीक्षण विभाग,
श्री उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग,

विषयः प्रादेशिक स्तरमा अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने बारे

नेपाल विद्युत प्राधिकरण ३६औं वार्षिकोत्सव समारोह प्रबन्ध मूल समिति २०७८ अन्तरगत रहने गरी कानून विभागका निर्देशकज्यूको संयोजकत्वमा गठित अतिरिक्त कृयाकलाप उपसमितिबाट कोभिडको माहामारीलाई मध्येनजर गरी निर्दिषट मापदण्डका आधारमा देहायका अतिरिक्त कृयाकलापहरु मात्र सञ्चालन हुने व्यहोरा निर्णयानुसार अनुरोध छ।

क. रक्तदान जीवनदान कार्यक्रम (प्रादेशिक/प्रदेश डिभिजन कार्यालय स्तरमा सञ्चालन गरिने)
ख. ब्याडमिण्टन प्रतियोगिता (प्रादेशिक/प्रदेश डिभिजन कार्यालय स्तरमा सञ्चालन गरिने)
ग. कविता वाचन प्रतियोगिता (जुम क्लाउडका माध्यमबाट प्रधान कार्यालयबाट सञ्चालन गरिने)
घ. कार्यपत्र प्रस्तुतीकरण प्रतियोगिता (जुमका माध्यमबाट प्रधान कार्यालयबाट सञ्चालन गरिने)

पुनश्चः

क. कार्यक्रम सञ्चालनार्थ प्रत्येक प्रदेश/डिभिजनका लागि स्वीकृत बजेट यसैसाथ संलग्न छ।
ख. प्रादेशिक/प्रदेश डिभिजन कार्यालय प्रमुखज्यूहरुले रक्तदान र व्याडमिण्टन प्रतियोगिताहरु सभ्य भव्य एवम् व्यवस्थित रुपमा सञ्चालनार्थ एक प्रादेश स्तरीय अतिरिक्त कृयाकलाप कार्यान्वयन उपसमिति गठन गर्नुहुन ।
ग. केन्द्रिय स्तरमा सञ्चालन हुने कविता वाचन तथा कार्यपत्र प्रस्तुतीकरण प्रतियोगिताहरुमा सहभागी हुन विद्युत प्राधिकरणका प्रदेशस्थित सबै निर्दशनालय मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई अभिप्रेरित र सूसूचित गरिदिनुहुन ।
घ. वागमती प्रदेशका हकमा प्रधान कार्यालयमा गठित उपसमितिले नै कृयाकलापहरु सञ्चालन गर्ने व्यहोराको सूचना प्रवाह गरिदिनुहुन ।
ङ. सबै कार्यालयका इच्छुक सहभागीहरुलाई कार्यक्रममा जानआउन सवारी समन्वय गरिदिनुहुन ।

च. वैश्विक माहामारीले विश्वमै रक्त अभाव भएको यस दुर्दान्त परिवेशमा हामी अरु दान गर्न नसके पनि रक्तदान जीवनदान त गर्न सक्छौं । सो कार्यक्रम वागमती प्रदेशमा २०७८ श्रावण २२ गते गरिने भएकाले अन्य प्रादेशिक/ डिभिजन कार्यालयहरुमा पनि स्थानीय रेडक्रससँगको समन्वयमा सकेसम्म सोहि मितिमा वा एकदुई दिन वरपर सम्पन्न गरिसक्नुपर्नेछ।

छ. ब्याडमिण्टन खेल यही २०७८ श्रावण १७ गतेदेखि सुरु गरी २१ गतेभित्र सम्पन्न गरिसक्नुपर्नेछ।नाम दर्ता १४ गतेभित्र गरिसक्नुपर्नेछ ।

ज. कविता प्रतियोगिताका हकमा गद्य कविता भए १५० शब्दमा नबढ्ने गरि र पद्य कविता भए बढीमा ६ श्लोकसम्मको अन्य कतै प्रकाशन नभएको हुनुपर्नेछ। कविताको शीर्षक स्वतन्त्र राख्न पाइनेछ। कविता राष्ट्र, राष्ट्रियता र आफ्नो संस्थाप्रति सकारात्मक भावना भएको हुनुपर्नेछ।प्राप्त कविता २३ गते स्वतन्त्र मुल्याङ्कन समितिलाई उपलब्ध गराउनुपर्ने भएकाले यही २०७८ श्रावण २२ गतेभित्र आफ्नो फोन फोन नं समेत उल्लेख गरी amarjyoti@nea.org.np मा पठाइसक्नुपर्नेछ। उक्त समितिले मुल्याङ्कन गरी ८० प्रतिसत अंक दिएपछि २० प्रतिसत अंक २७ गते हुने वाचनका आधारमा प्रदान गरिनेछ। सहभागीमध्येबाट वाचनका लागि छानिएका कविहरुलाई जुम आइ डी र पास कोड उपलब्ध गराइनेछ। प्रथम द्वितीय तृतीय र सान्त्वना गरी चार जना कविहरुलाई पुरस्कृत गरिनेछ र सो कविता सम्भव भएसम्म पुरस्कार वितरण समारोहमा पनि वाचन गराइनेछ। सहभागी अन्य उत्कृष्ट कविताहरु अमरज्योति साहित्यिक त्रैमासिकमा प्रकाशन गरिनेछ।

झ. कार्यपत्र प्रस्तुतिकरणका हकमा संलग्न भए बमोजिमको विषयमा पावरप्वाइन्टमा स्लाइड तयार पारी यही २०७८ श्रावण २२ गतेभित्र आफ्नो फोन नं समेत उल्लेख गरी amarjyoti@nea.org.np मा पठाइसक्नुपर्नेछ। स्लाइडमा विषयवस्तुको उठान वर्तमान अवस्था समस्याहरुको पहिचान र समाधानको उपायहरु सुझाइएको हुनुपर्नेछ। प्राप्त कार्यपत्रहरु २३ गते स्वतन्त्र मुल्याङ्कन समितिलाई उपलब्ध गराइनेछ । उक्त समितिले मुल्याङ्कन गरी ८० प्रतिसत अंक दिएपछि २० प्रतिसत अंक २८ गते हुने प्रस्तुतीकरणका आधारमा प्रदान गरिनेछ। प्रतियोगीहरुलाई अधिकतम २० मिनेट समय प्रदान गरिनेछ। सहभागी हुने प्रतियोगी प्रस्तोताहरुलाई जुम आइ.डी. र पास कोड उपलब्ध गराइनेछ। प्रथम, द्वितीय, तृतीय र सान्त्वना गरी चार जना प्रस्तोताहरुलाई पुरस्कृत गरिनेछ। सहभागी अन्य उत्कृष्ट प्रस्तोताहरुका स्लाइडलाई पनि उपयुक्त स्थानमा प्रकाशन गरिनेछ।

ञ. प्रत्येक निर्देशनालयले आफु अन्तर्गतका कार्यालयहरुमा परिपत्र गरिदिनु हुन।

ट. प्रत्येक कार्यालयले आफ्नो भौगोलिक क्षेत्र भित्रको प्रादेशिक कार्यलयमा सम्पर्क गर्नु हुन।

कार्यक्रमहरु सञ्चालन गर्दा तहाँ गठन हुने कार्यक्रम सञ्चालन उपसमितिहरुले आवश्यक पर्दा केन्द्रिय कार्यालयमा गठित उपसमितिका सम्बन्धित संयोजकहरुसँग समन्वय गर्न सक्नुहुनेछ ।

२०७८/४/१०

कृष्णदेव रिमाल

सदस्य सचिव

नेपाल विद्युत प्राधिकरणको ३६ औं वार्षिकोत्सवको उपलक्ष्यमा निम्न दुइ मध्ये कुनै एक विषयमा २० मिनेटको समय सीमा भित्र प्रस्तुत गर्ने गरी तपशिलको ढाँचामा निर्मित कार्यपत्र आह्वान गरिएको छ। यस प्रतियोगितामा नेपाल विद्युत प्राधिकरणका सम्पूर्ण कर्मचारीहरु सहभागी हुन सक्नुहुनेछ ।

कार्यपत्र प्राप्त हुनुपर्ने अन्तिम मिति र ठेगानाः २०७८/०४/२२ सम्म **amarjyoti@nea.org.np** मा

कार्यपत्रको प्रारुपः

१. वर्तमान अवस्था ।

२. विद्यमान तथा भावि समस्या तथा चुनौति ।

३. भावि कार्यदिशा ।

विषयहरुः

**क. प्रविधिमैत्री विद्युत प्राधिकरण आजको आवश्यकता**

<u>मुख्य अन्तरवस्तुहरुः</u>

१. आधुनिक Smart प्रविधिको उपयोग गरी योजना, इन्जिनियरिङ्ग, उत्पादन, प्रशारण, वितरण, वित्तीय, प्रशासनिक, कानूनी, सामाजिक तथा वातावरणीय वा व्यापरिक लगायतका क्षेत्रमा के कसरी सुधार गर्न सकिन्छ र यसवाट नेपाल विद्युत प्राधिकरणलाई समयसापेक्ष र आमपहुँचको सवल एवं सक्षम संस्था वनाउन सकिन्छ भनी सुझाउनु पर्नेछ।

**ख. विद्युतको पहुँच र वजारः सम्भावना र चुनौति**

<u>मुख्य अन्तरवस्तुहरुः</u>

१. आन्तरिक र बाह्य (क्षेत्रीय र अन्तर्राष्ट्रिय) बजारीकरण, आयात प्रतिस्थापन तथा , गुणस्तरीय, भरपर्दो र पर्याप्त विद्युत आपूर्ती गर्न आर्थिक नीतिगत र प्राविधिक विश्लेषण तथा कार्यदिशा

२. विद्युतको पर्याप्त पहुँचले आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक, पर्यावरणीय, सुशासन र पारदर्शितामा पार्ने सकारात्मक प्रभाव र यसका चुनौतिहरु ।

प्रधान कार्यालयमा गठन भएको ३६औं वार्षिकोत्सव अतिरिक्त कृयाकलाप उपसमिति देहाय बमोजिम रहेको छः

१. श्री तुलाराम गिरी, निर्देशक, कानून विभाग (९८५११६८२१९) संयोजक

२. श्री उमेश कुमार भण्डारी, सहनिर्देशक, उत्पादन निर्देशनालय (९८५१०३१६०६) सदस्य
(संयोजक- ब्याडमिण्टन प्रतियोगिता सञ्चालन उपसमिति)

३. श्री तुलसीप्रसाद सापकोटा, प्रमुख , कर्मचारी कल्याण महाशाखा (९८४१६४९५३३) सदस्य
(संयोजक- रक्तदान जीवनदान कार्यक्रम सञ्चालन उपसमिति)

४. श्री अनिता बजगाईं, प्रमुख, सामान्य प्रशासन शाखा (९८४१६८६३४८) सदस्य

५. श्री विष्णु मास्के, स.ले.पा., वि.ग्रा.से.निर्देशनालय (९८५१०६२१९७) सदस्य
(सह संयोजक- ब्याडमिण्टन प्रतियोगिता सञ्चालन उपसमिति)

६. श्री केन्द्रबहादुर गुरुङ्ग, प्रतिनिधि, ने.वि.प्रा.राष्ट्रिय कर्मचारी युनियन, (९८५५०२२८०७) सदस्य

७. श्री गङ्गा भण्डारी प्रतिनिधि, ने.वि.प्रा. कर्मचारी संघ (९८४१४१००३७) सदस्य

८. श्री रत्न श्रेष्ठ प्रतिनिधि, ने.वि.प्रा. कर्मचारी कल्याण परिषद (९८०४११८२४१) सदस्य

९. श्री कृष्णदेव रिमाल, स. प्र. अधिकृत, विभागीय कारवाही शाखा (९८४११९६८८८) सदस्य सचिव
(संयोजक- कविता वाचन र कार्यपत्र प्रस्तुतीकरण प्रतियोगिता सञ्चालन उपसमिति)

आमन्त्रित

प्रशासकीय अधिकृत श्री शुकदेव घिमिरे, कर्मचारी कल्याण महाशाखा (९८४१३८९५१४)
(सह संयोजक- रक्तदान जीवनदान कार्यक्रम सञ्चालन उपसमिति)

कार्यक्रम सञ्चालन मापदण्ड

क. भौतिक रुपमा सञ्चालन गरिने कार्यक्रमहरु प्रादेशिक स्तरमा गरिने। यसको लागि प्रादेशिक/प्रदेश डिभिजन कार्यालय प्रमुखले अतिरिक्त कृयाकलाप संचलन उपसमिति गठन गर्ने। वागमती प्रदेशको हकमा (हेटौंडा डिभिजन कार्यालय बाहेक) अतिरिक्त कृयाकलाप प्रधान कार्यालयमा नै सञ्चालन गरिने। रक्तदान कार्यक्रम भने काठमाण्डौ, भक्तपुर र ललितपुरमा समेत सञ्चालन गरिने।

ख. अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम तालिका सहितको सूचना यथाशिघ्र प्रकाशित गर्ने।

ग. कार्यक्रमहरुको संयोजन, सञ्चालन र आवश्यक सामग्री खरिद सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संयोजकले गठन गर्ने उपसमिति र ट्रेड युनियनका प्रतिनिधिहरुलाई दिने। खरिद गर्दा प्रचलित खरिद कानूनलाई पालना गरिनुपर्ने।

घ. ब्याडमिण्टन खेलमा महिला र पुरुष सिंगल इभेन्टहरु मात्र सञ्चालन गर्ने। यस अघि तीन पटक प्रथम हुनेलाई पनि खेलमा सहभागी हुन दिइने। यो खेल प्रादेशिक स्तरमा सञ्चालन गरिने। पुरस्कार वितरण पनि सम्बन्धित प्रदेशबाटै गरिने। खर्च लेखाङ्कन गर्दा कर्मचारी कल्याण शिर्षकमा बुक गर्ने।

ङ. Indoor Game हुने स्थानमा Ampire Linemens र खेलाडीहरुलाई मात्र प्रवेश दिइने। Outdoor game हुने भएमा स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाएर मात्र गर्नुपर्ने। प्रधान कार्यालयमा हुने सेमीफाइनल देखि फाइनलसम्मका खेलहरु सि.सि. क्यामेराको सहायताले यथासम्भव प्रत्यक्ष प्रसारणको व्यवस्था मिलाउने।

## ब्याडमिण्टन कार्यक्रम सञ्चालन गर्न स्वीकृत बजेट
(बेग्लाबेग्लै प्रादेशिक/डिभिजन कार्यालयको लागि)

| सि. न. | प्रादेशिक कार्यालय | नेट रु. | कर्क रु. | पानी रु. | ग्लुकोज रु. | कोट रु. | सहयोगी रु. | पुरस्कार रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिराटनगर | १५०० | १०००० | २००० | ३००० | ५००० | ५५००० | ११००० | ८७५०० |
| २ | जनकपुर | १५०० | १०००० | २००० | ३००० | ५००० | ५५००० | ११००० | ८७५०० |
| ३ | काठमाडौं | १५०० | १३००० | ३५०० | ५००० | ५००० | ६६००० | ११००० | १०५००० |
| ४ | हैटौंडा | १५०० | ९००० | १८०० | २७०० | ५००० | ४४००० | ११००० | ७५००० |
| ५ | गण्डकी | १५०० | ९००० | १८०० | २७०० | ५००० | ४४००० | ११००० | ७५००० |
| ६ | बुटवल | १५०० | ८००० | १८०० | २७०० | ५००० | ४४००० | ११००० | ७४००० |
| ७ | नेपालगंज | १५०० | ८००० | १८०० | २७०० | ५००० | ४४००० | ११००० | ७४००० |
| ८ | सुर्खेत | १५०० | ६००० | १५०० | २५०० | ५००० | ३३००० | ११००० | ६०५०० |
| ९ | अत्तरिया | १५०० | ८००० | १८०० | २७०० | ५००० | ४४००० | ११००० | ७४००० |
| | जम्मा | १३५०० | ८१००० | १८००० | २७००० | ४५००० | ४२९००० | ९९००० | ७१२५०० |

## रक्तदान कार्यक्रम सञ्चालन गर्न स्वीकृत बजेट
(प्रत्येक प्रादेशिक/डिभिजन कार्यालयको लागि)

| क्र.स. | विवरण | संख्या | दर | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | माक्स स्प्रेवाला सेनिटाइजर साधारण सेनिटाइजर ग्लोब खर्च | आवश्यकतानुसार | एकमुष्ट | रु.८,४०० | |
| २ | सेफ्टी सेक्यूरिटी र सहयोगी | २ जना | रु.७५० | रु.१,५०० | |
| ३ | ग्लूकोज पानी (बोतल) | आवश्यकतानुसार | एकमुष्ट | रु.३,००० | |
| ४ | खाजा सेट (फूजी स्याउ-१, केरा-२, जुस-१ र अण्डा-१) (व्यवस्थापन तर्फ १० जना, रक्त संचारबाट ६ जना, रक्तदाता ३० जना) | ४६ जना | रु.१७० | रु.७,८२० | |
| ५ | भत्तातर्फः<br>टोली प्रमुख- रक्तसंचार<br>सहयोगी तथा ड्राइभर - रक्तसंचार<br>व्यवस्थापन तर्फ खटिने व्यक्ति | <br>१ जना<br>५ जना<br>१० जना | <br>रु.१,२००<br>रु.१,०००<br>रु.८०० | <br>रु.१,२००<br>रु.५,०००<br>रु.८,००० | |
| ६ | विविध खर्च (हेण्डी प्लाष्ट, कलम, डट्पेन, आदी) | | एकमुष्ट | रु.९५० | |
| ७ | लोगो सहितको भेष्ट/ टिसर्ट केन्द्रबाटै प्रेषित गरिने | ४० जना | | | |